गैडहवा **गाउँपालिकाद्वारा प्रकाशित**

**स्थानीय राजपत्र**

**खण्ड १०) रुपन्देही, बैसाख महिना २२ गते, २०८३ साल (संख्या १)**

## भाग २

## गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपालको

## <u>सूचना</u>

गैडहवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको “गैडहवा गाउँपालिकाका सामुदायिक तथा धार्मिक विद्यालयमा रिक्त रहेका र हुने विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि,२०८३” स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ कार्यविधि नं. १

**गैडहवा गाउँपालिका, रुपन्देहीको** गैडहवा गाउँपालिकाका सामुदायिक तथा धार्मिक विद्यालयमा रिक्त रहेका र हुने विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि,२०८३

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२२**

**प्रस्तावनाः**

गैडहवा गाउँपालिका अन्तर्गतका सामुदायिक तथा धार्मिक विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बाल विकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको नियुक्ती प्रकृयालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा गैडहवा गाउँपालिकाको शिक्षा ऐन, २०७५ परिच्छेद १० को दफा ६२ बमोजिम गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी गैडहवा गाउँपालिका भित्र लागु हुने गरि यो कार्यविधि वनाइ जारी गरेको छ ।

**परिच्छेद-१. सक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "गैडहवा गाउँपालिकाका सामुदायिक तथा धार्मिक विद्यालयमा रिक्त रहेका र हुने विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि,२०८३" रहेको छ ।

२. यो कार्यविधि गैडहवा गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात गाउँपालिका क्षेत्रभरलागू हुनेछ।

<u>परिच्छेद-२, परिभाषा</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

३. "गाउँपालिका" भन्नाले गैडहवा गाउँपालिका लाई सम्झनु पर्दछ।

४. "गाउँ कार्यपालिका" भन्नाले गैडहवा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

५. "कार्यालय" भन्नाले गैडहवा गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्छ।

६. "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

७. "विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमती वा स्वीकृती प्राप्त सामुदायिक तथा धार्मिक विद्यालयलाई सम्झनु पर्दछ ।

८. "शिक्षक सेवा आयोग" भन्नाले संघिय कानुन अनुसार गठित शिक्ष सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रदेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउने छ ।

९. "शिक्षा समिति" भन्नाले गैडहवा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

१०. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखका रुपमा कार्यसञ्चालन गर्ने जिम्मेवारी पाएको व्यक्ति सम्झनु पर्दछ ।

११. "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाको शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद-३, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी विज्ञापन सम्वन्धीव्यवस्था

१२.विद्यालयले विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको पदरिक्तभइ पदपुर्ति गर्नको लागि रिक्तभएको विवरण खुल्नेगरी विद्यालय व्यवस्थापन समितीको निर्णय सहित शिक्षा शाखामा विज्ञापनको अनुमतिको लागि कार्यालय मार्फत शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ।

१३.विद्यालयले विज्ञापनको अनुमति प्राप्त गरेपछी रिक्त पदमा पदपुर्ति गर्नको लागि कम्तीमा पन्ध्र दिनको सार्वजानिक सूचना तयार गरी विद्यालय, विद्यालय रहेको सम्वन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरी सोको मुचुल्का समेत गराउनुपर्नेछ। साथै त्यस्तो सूचना गैडहवा गाउँ कार्यपालिकाको कार्यालयको वेवसाईटमा राख्ने र दैनिक प्रकाशित कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

१४.विद्यालयले विज्ञापन गर्दा विज्ञापन नम्वर, उम्मेदवारको उमेर हद, न्यूनतम शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, आवश्यक कागजात, दरखास्त दस्तुर, सेवा सुविधा, दरखास्त दिने मिति, सम्पर्क मिति, शिक्षा ऐन, नियमावली बमोजिम कुनै अयोग्य नरहेको, सम्पर्क ठेगाना लगाएतका उम्मेदवारको आवश्यक पर्ने विवरण माग गरी विज्ञापन गर्नुपर्नेछ।

१५.विद्यालयले निर्धारित समय सम्म उम्मेदवारबाट प्राप्त हुन आएका निवेदन, विज्ञापनमा उल्लेख भए बमोजिमका कागजात प्राप्त भए नभएको यकिन गरी रितपूर्वक प्राप्त भएका निवेदन मात्र विद्यालयमा दर्ता गरी राख्नुपर्नेछ।

## परिच्छेद-४. विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी छनौट समिति

१६.विद्यालयमा रिक्त भएका विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको पदपुर्ति गर्न सिफारिसका लागि देहाएको शिक्षक तथा कर्मचारी छनौट समिति समिति रहनेछ।

क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) गाउँपालिकाको शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी मध्ये १ जना — सदस्य

ग) विद्यालय रहेको सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य मध्येबाट १ जना- सदस्य

तर, वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति उपस्थित नभएतापनि परीक्षा सञ्चालन गर्न वाधा पर्ने छैन।

घ) बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगि कर्मचारी छनौटको लागि जिल्लामा वा गाउँपालिका वा छिमेकि पालिकामा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहको विषयविशेषज्ञको रुपमा सूचिकृत भएका विषय विशेषज्ञ मध्येबाट विद्यालय व्यवस्थापन समितिले छनोट गरेको २ जना -सदस्य

ङ) विद्यालय सहायक कर्मचारी छनौटको लागि जिल्लामा वा गाउँपालिका वा छिमेकि पालिकामा निम्न माध्यमिक तथा माध्यमिक तहको लेखा, अर्थशास्त्र विषयको लागि विषय विशेषज्ञको रुपमा सूचिकृत भएका विषय विशेषज्ञ मध्येबाट छनोट गरेको २ जना - सदस्य

च) सम्वन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

**परिच्छेद-५, परीक्षाको पाठ्यक्रम**

१७.विद्यालयमा रीक्तहुने विद्यालय सहयोगि कर्मचारीहरुको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसुची-१ बमोजिम हुनेछ।

१८.विद्यालयमा रीक्तहुने बाल विकास सहजकर्ताहरुको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसुची-२ बमोजिम हुनेछ।

१९.विद्यालयमा रीक्तहुने विद्यालय सहायक कर्मचारीहरुको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसुची-३ बमोजिम हुनेछ।

**परिच्छेद-६, शैक्षिक योग्यता**

२०.विद्यालय सहयोगि कर्मचारीको न्यूनतम शैक्षिक योग्यता एस. एल.सी. वा एस.इ.इ. उत्तिर्ण वा सो सरह हुनेछ।

२१.वाल विकास सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्र संकायमा कक्षा १२ उत्तिर्ण वा सोरह सरह हुनेछ।

२२.विद्यालय सहायक कर्मचारीहरुको लागि न्यूनतम शैक्षिक योग्यता व्यवस्थापन संकायमा १०+२ उत्तिर्ण वा सो सरह हुनेछ।

२३.यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागुहुनु अगावै विद्यालय सहयोगि कर्मचारी, वाल विकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीहरुको विज्ञापन भै परीक्षा संचालन हुन बाकी रहेको अवस्थामा माथि उल्लिखित तोकीएको शैक्षिक योग्यता भन्दा न्यून भएता पनि एक पटकको लागि यस कार्यविधिले तोकेको पाठ्यक्रम अनुसार परीक्षा संचालन गर्न बाधा पर्ने छैन। साथै गाउँपालिका अन्तर्गतका सामुदायिक तथा धार्मकि विद्यालय नियुक्त भइ कार्यरत रहेका विद्यालय सहयोगि कर्मचारी, वाल विकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।

**परिच्छेद-७, आचार संहिता र प्रश्न पत्र निर्माण प्रकृया**

२४.परीक्षार्थीहरुले परीक्षा हलभित्र मोवाइल फोन साथमा राख्न पाउने छैनन। विषय विज्ञले विद्यालय सहयोगि कर्मचारी, वाल विकास सहजकर्ता र विद्यालय सहयोगी कर्मचारी छनौटको लागि तोकीए अनुसारको पाठ्यक्रमको अधिनमा रहेर परीक्षा संचालन हुने गरी प्रश्न पत्र निर्माण गर्नुपर्नेछ।

२५.तोकीएको पाठ्यक्रमका आधारमा बस्तुगत र विषयगत परीक्षाको उत्तर पुस्तिका छुट्टाछुट्टै हुनेछ। विषयगत परीक्षाको उत्तरपुस्तिकाको अनिवार्य रुपमा कोडिङ्ग गरीसकेपछि जाँच्नको लागि विषयविज्ञलाई उत्तरपुस्तिका प्रदान गर्नुपर्नेछ।

२६.परीक्षा संचालनको क्रममा विषय विशेषज्ञ परीक्षाहल भित्र प्रवेश गर्न पाईने छैन।

२७.यस बाहेकका अन्य व्यवस्था प्रचलित कानून तथा छनौट समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद-८, बाझिएमा अमान्य हुने

२८.यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

## परिच्छेद-९, विविध

२९.कार्यविधिको व्याख्याःयस कार्यविधिमा उल्लिखित कुनै बिषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ साथै यस कार्यविधिमा उल्लेख भएको व्यवस्था यसै बमोजिम र उल्लेख नभएको व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३०.कार्यविधिको संशोधनः यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

अनुसुची-१

परीच्छेद-५ दफा १७ संग सम्वन्धित

**विद्यालयमा रीक्त हुने विद्यालय सहयोगी कर्मचारीको नियुक्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः-**

**लिखित परीक्षाको योजना (Written Examination Scheme)**

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) = प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत/ बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा= द्वितिय चरण | ३० | १२ | ६ | ५ | विषयगत / विश्लेषणात्मक | १ घण्टा |

**अन्तर्वार्ताको योजना(Interview Examination Scheme)**

**१. शैक्षिक योग्यता वापत ५ अंक**

विद्यालय सहयोगि कर्मचारी र वाल विकास सहज कर्ताको रुपमा सेवा प्रवेश गर्न तोकीएको न्यूनतम शैक्षिक योग्याताको प्रथम श्रेणी भएमा तिन र द्वितिय श्रेणी भए दुई अंक र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितिय श्रेणी भए एक अंक,

२. **अन्तर्वार्ता वापत १५ अंक** ( व्यक्तित्व/आचरण-३, विषयवस्तुको ज्ञान -९, प्रस्तुतीकरण-३)

तर अन्तर्वार्ताको अंक दिदां कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्वर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान) पूर्णाङ्क : ४०, उत्तीर्णाङ्कः २०, समयः- ३० मिनेट**

| क्र.सं. | विषयबस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अकंभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि, हिमाल) | ४ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | ३ | २ |
| ३ | पूर्व बाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरू | ३ | २ |
| | **खण्ड ख** | | |
| ४ | पाठ्यक्रमको परिचय, अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ५ | शैक्षिक सङ्गठनः कक्षा शिक्षण, बहुकक्षा | ३ | २ |

| | | | |
|---|---|---|---|
| | शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण | | |
| ६ | नेपालको संविधान (शिक्षा सम्बन्धि व्यवस्था); शिक्षा ऐन, २०२८ (संशोधन सहित); शिक्षा नियमावली, २०५९ (संशोधन सहित),स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धि व्यवस्था) र शिक्षा सम्वन्धी समसामयिक जानकारी | ५ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम पूर्णाङ्कः-३० उत्तिर्णाङ्कः-१२ समयः- १ घण्टा**

**खण्ड क**

| क.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| १ | प्राथमिक उपचारः परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमाहुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु | १ वटा | ५ |
| २ | विधालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमाविद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध | १ वटा | ५ |
| ३ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः | १ वटा | ५ |

| | | | |
|---|---|---|---|
| | व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ,फोहोरव्यवस्थापन | | |
| **<u>खण्ड ख</u>** | | | |
| ४ | स्थानीय पाठ्यक्रमः परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था, स्थानीय स्तरका शिक्षण सामाग्रीहरु | १ वटा | ५ |
| ५ | बाल मनोविज्ञानः अर्थ महत्व र आवश्यकता, पूर्व बाल्यावस्था: परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मकपरिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व-वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमाशिक्षकर अभिभावकको भूमिका | १ वटा | ५ |
| ६ | विद्यालय दिवा खाजा कार्यक्रम, विद्यालयमा दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापनको तरीका, दैनिक दिवा खाजा व्यवस्थापनका तरीका, दैनिक दिवा खाजा व्यवस्थापनका लागि स्थानीय स्तरमा उत्पादन हुने परीकारहरु आदि। | १ वटा | ५ |

**द्रष्टव्यः**

**१.** सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) को लागि ३० मिनेट समय निर्धारण गरीएको छ।

**२.** विषयगत परीक्षाको लागि १ घण्टा समय निर्धारण गरिएको छ।

**३.** सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अकं कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन।

४. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून(ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

५. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराईनेछ।

६. यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागूहुनेछ।

अनुसुची-२

परीच्छेद-५ दफा १८ संग सम्वन्धित

**विद्यालयमा रीक्त हुने वाल विकास सहज कर्ताको नियुक्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः-**

**लिखित परीक्षाको योजना (Written Examination Scheme)**

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) = प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत/ बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा= द्वितिय चरण | ४० | १६ | ८ | ५ | विषयगत/ विश्लेषणात्मक | १ घण्टा ३० मिनेट |

**अन्तर्वार्ताको योजना(Interview Examination Scheme)**

१. **शैक्षिक योग्यता वापत ५ अंक**

विद्यालय सहयोगि कर्मचारी र वाल विकास सहज कर्ताको रुपमा सेवा प्रवेश गर्न तोकीएको न्यूनतम शैक्षिक योग्याताको प्रथम श्रेणी भएमा तिनर द्वितिय श्रेणी भए दुई अकं र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितिय श्रेणी भए एक अंक,

२. **अन्तर्वार्ता वापत १५ अंक** ( व्यक्तित्व/आचरण-३, विषयवस्तुको ज्ञान -९, प्रस्तुतीकरण-३ )

तर अन्तर्वार्ताको अंक दिदां कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्वर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान) पूर्णाङ्क : ४०, उत्तीर्णाङ्कः २०, समयः- ३० मिनेट**

| क्र.सं. | विषयबस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अकंभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि, हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | शिक्षाको अर्थ, परिभाषा, उद्धेश्यहरु र कार्यहरू | २ | २ |
| ४ | शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, | २ | २ |

| | | | |
|---|---|---|---|
| | आवश्यकता र महत्व | | |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषता | २ | २ |
| ६ | पूर्व बाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरू | २ | २ |
| ७ | पाठ्यक्रमको परिचय, अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ८ | शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षिक योजना, एकाई योजना र दैनिक पाठ योजना | २ | २ |
| ९ | शैक्षिक सङ्गठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण | २ | २ |
| १० | नेपालको संविधान (शिक्षा सम्बन्धि व्यवस्था); शिक्षा ऐन, २०२८ (संशोधन सहित); शिक्षा नियमावली, २०५९ (संशोधन सहित),स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धि व्यवस्था) | ३ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम पूर्णाङ्कः-४० उत्तिर्णाङ्कः- १६**

**समयः- १ घण्टा ३० मिनेट**

<u>**खण्ड- क**</u>

| क्र.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचय, आवश्यकता, निर्माण र प्रयोग (वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना,एकाइ योजना, दैनिक पाठ्योजना र दैनिक कार्यतालिका), कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व,कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन) | १ वटा | ५ |
| २ | शैक्षणिक व्यवस्थापनः कक्षा शिक्षण, विषय शिक्षण र वहुकक्षा शिक्षण, कक्षा कोठामा विविधताव्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक) | | |
| ३ | शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापनहुनेविषयहरुको विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग | १ वटा | ५ |
| ४ | विधालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमाविद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध | | |
| ५ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ,फोहोरव्यवस्थापन | १ वटा | ५ |

| | | | |
|---|---|---|---|
| ६ | प्राथमिक उपचारः परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमाहुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु | | |
| ७ | पाठ्यक्रमः अर्थ, परिभाषा, महत्त्व, तत्त्वहरु, पाठ्यक्रम निर्माणका आधारहरु | १ वटा | ५ |
| ८ | स्थानीय पाठ्यक्रमः परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था | | |

**खण्ड- ख**

| क्र.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| ९ | बालमनोविज्ञानः अर्थ, क्षेत्र, आवश्यकता र महत्व | १ वटा | ५ |
| १० | मानव वृद्धि र विकासः वृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासकाचरणहरु | | |
| ११ | पूर्व बाल्यावस्था: परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व-वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमाशिक्षकर अभिभावकको भूमिका | १ वटा | ५ |
| १२ | सिकाइः अर्थ, स्वरुप र शैलीहरु, परिपक्वता र | | |

| | | | |
|---|---|---|---|
| | सिकाइ बीच अन्तरसम्बन्ध, स्व-प्रतिविम्वन र सिकाइ,सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ | | |
| १३ | शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्बन्ध | १ वटा | ५ |
| १४ | शैक्षणिक प्रविधिः अर्थ, परिभाषा, महत्व, वर्तमान अभ्यास, व्यवस्थापन र प्रयोग | | |
| १५ | परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा,मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मूल्याङ्ककनका साधनहरु र प्रयोग र प्राथमिक तहमाप्रयोग हुनेमूल्याङ्ककनका विधि तथा प्रक्रियाहरू | १ वटा | ५ |
| १६ | मूल्याङ्कनका अन्य साधनहरुः अवलोकन, श्रेणीमापन, रुजु सूची, सञ्चित अभिलेख, घटनावृत अभिलेखरकार्य सञ्चयिका | | |

**द्रष्टव्यः**

७. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) को लागि ३० मिनेट समय निर्धारण गरीएको छ।

८. विषयगत परीक्षाको लागि १ घण्टा ३० मिनेट समय निर्धारण गरिएको छ।

९. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन।

१०. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून(ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराईनेछ।

१२. यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागूहुनेछ।

अनुसुची-३

परीच्छेद-५ दफा १९ संग सम्वन्धित

**विद्यालयमा रीक्त हुने विद्यालय सहायक कर्मचारी नियुक्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः-**

**लिखित परीक्षाको योजना (Written Examination Scheme)**

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) = प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत/ बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा= द्विातिय चरण | ४० | १६ | ८ | ५ | विषयगत/ विश्लेषणात्मक | १ घण्टा ३० मिनेट |

**अन्तर्वार्ताको योजना(Interview Examination Scheme)**

१. **शैक्षिक योग्यता वापत ५ अंक**

विद्यालय सहायक कर्मचारीको रुपमा सेवा प्रवेश गर्न तोकीएको न्यूनतम शैक्षिक योग्याताको प्रथम श्रेणी भएमा तिन र द्वितिय श्रेणी भए दुई अकं र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितिय श्रेणी भए एक अंक,

२. **अन्तर्वार्ता वापत १५ अंक** ( व्यक्तित्व/आचरण-३, विषयवस्तुको ज्ञान -९, प्रस्तुतीकरण-३ )

तर अन्तर्वार्ताको अंक दिदां कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्वर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान) पूर्णाङ्क : ४०, उत्तीर्णाङ्कः २०, समयः- ३० मिनेट**

| क्र.सं. | विषयबस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अकंभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि, हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | शिक्षाको अर्थ, परिभाषा, उद्धेश्यहरु र कार्यहरू | २ | २ |

| | | | |
|---|---|---|---|
| ४ | शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, आवश्यकता र महत्व | २ | २ |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषता | २ | २ |
| ६ | पूर्व बाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरू | २ | २ |
| ७ | पाठ्यक्रमको परिचय, अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ८ | IEMIS र सूचना तथा सञ्चार प्रविधि | २ | २ |
| ९ | शैक्षिक सङ्गठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण | २ | २ |
| १० | नेपालको संविधान (शिक्षा सम्बन्धि व्यवस्था); शिक्षा ऐन, २०२८ (संशोधन सहित); शिक्षा नियमावली, २०५९ (संशोधन सहित),स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धि व्यवस्था) | ३ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम पूर्णाङ्कः-४० उत्तिर्णाङ्कः- १६**

**समयः- १ घण्टा ३० मिनेट**

**खण्ड- क**

| **क्र.सं.** | **विषय बस्तुको क्षेत्र** | **प्रश्न** | **अकंभार** |
|---|---|---|---|

| | | संख्या | |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचय, आवश्यकता, निर्माण र प्रयोग (वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना,एकाइ योजना, दैनिक पाठ्योजना र दैनिक कार्यतालिका) | १ वटा | ५ |
| २ | कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व,कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन) | | |
| ३ | विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था, गठन प्रकृया, काम कर्तव्य र अधिकार | १ वटा | ५ |
| ४ | विधालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमाविद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध | | |
| ५ | शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुनेविषयहरुको विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग | १ वटा | ५ |
| ६ | स्थानीय पाठ्यक्रमः परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था | | |
| ७ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) | १ वटा | ५ |
| ८ | सूचना तथा सञ्चार प्रविधि (ICT) | | |

<u>खण्ड- ख</u>

| क्र.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| ९ | पत्र व्यवहारः परीचय, उद्धेश्य र चिठि/ पत्रका गुणहरु, चिठिका प्रकार(प्रयोग र प्राथमिकताको आधारमा) | १ वटा | ५ |
| १० | दर्ता र चलानी, सूचनाः परिपत्र, तोक आदेश | | |
| ११ | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय, अभिलेखको उद्धेश्य र प्रकार | १ वटा | ५ |
| १२ | अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | | |
| १३ | टिप्पणि लेखन, टिप्पणि तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु | १ वटा | ५ |
| १४ | प्रतिवेदन लेखनः- परिचय, तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार | | |
| १५ | फाईलिङः परीचय, आवश्यकता विधि एवम् तरिकाहरु | १ वटा | ५ |
| १६ | बैठक व्यवस्थापन तथा निर्णय अभिलेख | | |

**द्रष्टव्यः**

१. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) को लागि ३० मिनेट समय निर्धारण गरीएको छ।
२. विषयगत परीक्षाको लागि १ घण्टा ३० मिनेट समय निर्धारण गरिएको छ।
३. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अकं कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन।
४. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून(ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
५. सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराईनेछ।
६. यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागूहुनेछ।

**प्रमाणीकरण मितिः २०८३/०१/२२**

**आज्ञाले,**

**रोमनाथ न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**

**गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुरा, रुपन्देहीमा मुद्रित।**